श्री नारायण न.पा. कार्यालय दैलेख
दर्ता नम्बर:- १६९६
दर्ता मिति:- ०८२।८।१६

(Notice No. NSTB/NVQS Regular-12)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

# राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

मध्यपुर थिमी २, सानोठिमी, भक्तपुर

## सीप परीक्षणको आवेदन आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२।०८।१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-**NSTB**) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार NSTB/NVQS नियमित तर्फ सहुलियत शुल्कमा संचालन हुने पूर्व सिकाईको मान्यतामा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशमै रोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका अनुभवी नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा उपस्थित भई आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**क) आवेदन फाराम संकलन तथा सीप परीक्षण केन्द्र, परीक्षण हुने व्यवसाय र तहः**

| | | | | |
|---|---|---|---|---|
| **कर्णाली प्रदेश** | | | | |
| ३५ | **परिषद् प्रदेश कार्यालय, विरेन्द्रनगर, सुर्खेत । फोनः ०८३-५२१८८५, ५२३०२०, ९८४३९२९५५८, ९८५८०८८८२२** | | | |
| | टेलर | १, २ | अर्लि चाइल्डहुड डेभेलप्मेन्ट फेसिलिटेटर | १ |
| | बारबर | १ | इन्डस्ट्रियल इलेक्ट्रिसियन | १ |
| | प्लम्बर | १ | गार्मेन्ट फेब्रिकेटर | १ |
| ३६ | **•भेरी रासी प्राविधिक शिक्षालय जेभी सुर्खेत न्यु भर्जन एकेडेमी प्रा.लि, वीरेन्द्रनगर, सुर्खेत । फोनः ०८३-५२३१३९, ९८५८०३०२१७** | | | |
| | कम्प्यूटर अपरेटर | २ | बिल्डिङ इलेक्ट्रिसियन | १, २ |

| | |
|---|---|
| तह १ का लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायको तालिम सहित ६ महिनाको कार्य अनुभव भएको । |
| तह २ का लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको । |
| तह ३ का लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायमा १ वर्षको तालिम लिई सम्बन्धित व्यवसायमा २ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायमा तह २ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको । |

**ग) सीप परीक्षण शुल्क**

| तह | नियमित शुल्क (रु.) | (सहुलियत शुल्क (रु.) (महिला, दलित, जनजाती र अपाङ्ग) |
|---|---|---|
| १ | ५०० | ४०० |
| २ | १२०० | ७०० |
| ३ | २४०० | १३०० |

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने शर्तहरू**

१. यस सूचना तथा आवेदन फाराम राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को वेभ साइट (www.nstb.org.np ) बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/०९/११ गते कार्यालय समय भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्टसम्म बुझाउन सकिनेछ ।

३. आवेदन फारामको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाणपत्र र तालिम वा अनुभवको प्रमाणपत्र (तालिम प्रमाणपत्रको हकमा CTEVT का आंगिक, साझेदार तथा सम्बन्धन प्राप्त पेशा व्यवसायको सम्बन्धित शिक्षण संस्थाबाट जारी भएको तथा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागले प्रदान गरेका कम्तीमा १ वर्ष पहिलाको प्रमाणपत्रको प्रतिलिपि मात्र) र अनुभवको हकमा नेपाल सरकार, सरकारी वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता PAN वा VAT नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाईएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । १६ वर्ष उमेर पछिको अनुभव मात्र मान्य हुनेछ ।

४. सहुलियत वर्गमा महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति तथा नेपाल सरकारबाट तोकिएका वर्ग पर्दछन् । महिला बाहेक अन्य वर्गको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।

५. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजी बाहेक अन्य भाषा भएमा अंग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरू अपुग रहेको तथा तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७. कुनै व्यवसायमा स्वीकृत आवेदन फारम संख्या तीन भन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण संचालन गरिने छैन ।

८. सीप परीक्षणको मिति आवेदकलाई SMS बाट जानकारी गराइने छ । सीप परीक्षण आवेदन फाराम भरेकै केन्द्रबाट सहभागी आफैं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिने छ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

९. परीक्षार्थीहरूले सम्बन्धित पेशा व्यवसायमा आवश्यक पर्ने हाते औजार/उपकरणहरू आफैले ल्याउनु पर्नेछ । ब्यूटिसियन र बारबर पेशाको हकमा परीक्षण सामग्री र मोडल व्यक्ति तथा उद्यम विकास सहजकर्ता पेशाको हकमा LAPTOP सीप परीक्षणका परीक्षार्थीले आफैले ल्याउनु पर्नेछ । साथै व्यक्तिगत स्वास्थ्य सुरक्षाका मापदण्डहरू पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१०. यसभन्दा अगाडि सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। यसरी दोहोर्‍याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनःपरीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ ।

११. सम्बन्धित व्यवसायमा तल्लो तह उतीर्ण भएका आवेदकले माथिल्लो तहमा आवेदन दिंदा अनिवार्य रुपमा आफूले प्राप्त गरेको सीप प्रमाणपत्रको साथै कार्य अनुभवको पत्र पेश गर्नुपर्नेछ।आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउनेछ ।

१२. सीप परीक्षण आवेदन फाराम संकलन केन्द्र र जेभी संस्थाले आवेदन संकलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी (फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकोले) उक्त अवधिभित्र अनलाइन फारम इन्ट्रि गरी राष्ट्रिय सीप परीक्षण समितिबाट अन्तिम रुजु भईसके पछि इन्ट्रि वापत प्रति फाराम रु. ७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.वा.बैंकको खाता नं. १७३०१००००१८३००१ मा रकम जम्मा गरी सक्कल भौचरको स्क्यान कपि अपलोड गर्नुपर्नेछ।

१३. यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रदेश अन्तर्गत प्रमाणिकृत वा तोकिएका सीप परीक्षण केन्द्रहरूमा सञ्चालन हुनेछ।

१४. उत्तीर्ण परीक्षार्थीले रु १५०।– बुझाए पछि सीप प्रमणपत्र र सीप परिचय पत्र प्राप्त गर्न सक्नेछ।

थप जानकारीका लागि फोन नं. ०१६६३८१५३, ६६३५१९५ मोबाईल नं. ९८५११२७०८०, ९८५११६३९६४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

निर्देशक